# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल


च.नं.

प.सं.

### विज्ञापन करको ठेक्का व्यवस्थापनका लागि भएको सार्वजनिक बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मितिः २०८३/०२/०९

विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेको विज्ञापनजन्य सामाग्रीवाट आ.व.२०८३/०८४ को विज्ञापनको कर संङ्कलन गर्नका लागि ईच्छुक मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म कम्पनी वा संस्थाहरुलाई रु.३,०००/०० (तिन हजार मात्र पछि फिर्ता नहुनेगरी) कृषि विकास बैंकमा रहेको विराटनगर महानगरपालिकाको खाता नं. ०६०१६०११४५९७३११३ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्रमा बोलपत्र फाराम खरिद गर्नहुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**<u>जानकारी तथा अनिवार्य शर्तहरु</u>**

१. महानगरपालिकाको स्वीकृत दररेट अनुसार विराटनगर महानगरपालिका क्षेत्रभित्रका विज्ञापनजन्य सामाग्रीवाट विज्ञापन कर संकलन गर्नुपर्नेछ ।

२. वोलपत्रदाताले कवोल गरेको रकमको १० प्रतिशत रकम विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३०३२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल कागजात संलग्न राख्नुपर्नेछ ।

३. **बोलपत्र प्राप्त गर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयमा राजश्व व्यवस्थापन महाशाखाबाट बोलपत्र फाराम उपलब्ध गराईनेछ । उक्त दिन बिदा भएमा सोको भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम लिन सकिनेछ ।

४. **बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२ बजेसम्म राजश्व व्यवस्थापन महाशाखामा बोलपत्र फाराम पेश गर्नुपर्नेछ । उक्त दिन बिदा भएमा सोको भोलीपल्ट सो दिन पनि कार्यालय बन्द भए सो पछिको कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम पेश गर्नुपर्नेछ ।

५. **बोलपत्र पेश गर्ने तरिकाः** बोलपत्र सिलवन्दी लाहाछाप गरी लाहाछाप संख्या खुलाई विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।

६. **बोलपत्र खोल्ने समयः** सूचना प्रकाशित मितिले ३१औं दिन दिनको २:०० वजे यस कार्यालयमा नियमानुसार बोलपत्र खोलिनेछ । सो दिन खोल्न नसकिएमा कार्यालयले तोकेको मिति र समयमा खोलिनेछ ।

७. **ठेक्का अवधिः** आ.व. २०८३/०८४ आषाढ मसान्त (१ वर्ष) सम्मको हुनेछ ।

८. **न्युनतम रकमः** न्यूनतम ठेक्का रकम तपशिल बमोजिम निर्धारण गरिएकोछ ।

| **क्र.स.** | **विवरण** | **समयावधि** | **न्यूनतम ठेक्का रकम कर बाहेक (रु.)** | **बोलपत्र खरिदको समयावधि** |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | आ.व.२०८३/०८४ आषाढ मसान्तसम्म | रु.५८,०१,६६७/ अन्ठाउन्न लाख एक हजार छ सय सड्सठ्ठी मात्र | सूचना प्रकाशन मितिले३०औं दिन भित्रमा |

९. नोटः थप जानकारी तथा शर्त विराटनगर महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखा अथवा यस कार्यालयको आधिकारिक वेवसाईट www.biratnagarmun.gov.np र बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।


फोन:९७७–२१–५२३३०८,फ्याक्स:९७७–२१–५१५४५२,ईमेल:info@biratnagarmun.gov.np

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल


च.नं.

प.सं.

### अन्य थप जानकारी तथा अनिवार्य शर्त

१) नियमानुसार कबोल गरेको ठेक्का रकममा लाग्ने मू.अ.कर, अग्रिम आयकर र न.पा. कर ठेकेदार स्वंयमले बेहोर्नुपर्नेछ ।

२) बोलपत्रमा ठेक्का रकम उल्लेख गर्दा अङ्कमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अङ्क र अक्षरमध्ये जुनमा वढी उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।

३) सम्झौता गर्दाका बखत ५० प्रतिशत किस्ता रकमका साथै सोमा लाग्ने सम्पूर्ण कर बुझाएपछि मात्र सम्झौता गरिनेछ । उक्त किस्ता बापतको रकम बुझाइ बाँकी सबै ठेक्का रकम र कर समेतको नगद धरौटी वा २०८४ को श्रावण मसान्तसम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ । बैंक जमानत तथा धरौटी नराखी सम्झौता गरिने छैन ।

४) सम्झौता गर्दा दाखिला गरी बाँकी रहेको ५० प्रतिशत किस्ता रकम सोहि आ.व.को पौष मसान्तमा २५ प्रतिशत र सोहि आ.व.को आषाढ तेस्रो हप्तामा २५ प्रतिशत रकम बुझाउनु पर्नेछ । सो समयमा बुझाउन नसकेमा दैनिक रु.१,०००। (एक हजार मात्र) जरिवाना लाग्नेछ। बाँकी ठेक्का रकम बुझाउने अवधि नाघेको तिन महिना भित्रमा समेत ठेक्का रकम बुझाउन नसकेमा बैक जमानत वा नगद धरौटीबाट पहिलो पक्षले पाउने सबै ठेक्का रकम असुल गरी नगर कार्यपालिकाले ठेक्का रद्द गर्न सक्नेछ ।

५) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

६) ठेक्का अवधिमा बन्द, हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहको दाबी गर्न पाइने छैन ।तर राष्ट्रिय संकटकाल प्लेग हैजा, महामारी जस्ता कारणले नेपाल सरकार, प्रदेश सरकार वा विराटनगर महानगरपालिकाले आवतजावतमा वा सवारी सञ्चालनमा रोक लगाएमा विपद् व्यवस्थापन समितिको सिफारिसमा कर छुटका लागि प्रदेश सरकारमा सिफारिस गर्न सक्नेछ ।

७) विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार विज्ञापन करको दररेटमा उठाउन पाइनेछ ।

८) स्वीकृत ठेक्का रकममा मू.अ.कर १३ प्रतिशत, अग्रिम आयकर १.५ प्रतिशत र न.पा. कर १.५ प्रतिशत थप गरी सम्झौता गरिनेछ।

९) विराटनगर महानगरपालिकालाई कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बुझाउनु पर्ने कर, ठेक्का रकम आदिको बेरुजु कायम भएको हकमा बोलपत्र फारम खरिद गर्न पाउने छैन ।

१०) कुन कुन आकार र प्रकारको विज्ञापन वापत कुन कुन व्यक्ति फर्म वा कम्पनीसँग कति रकम संकलन गरेको हो सोको विवरण प्रत्येक महिनाको ७ गतेभित्रमा विराटनगर महानगरपालिकालाई अनिवार्य बुझाउनु पर्नेछ ।

११) व्यवसायिक मर्यादा कायम गरेर मात्र कर संकलन गर्नुपर्नेछ ।

### संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरण समेत

२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर प्रमाणपत्रको प्रतिलिपि

३. करचुक्ता (आ.व. २०८१/०८२) प्रमाणपत्रको प्रतिलिपी

४. यस कार्यालयमा संस्था सूचिकृत भएको प्रमापत्रको प्रतिलिपि

५. एकल स्वामित्वको फर्मको हकमा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको प्रतिलिपि ।


फोन:९७७–२१–५२३३०८,फ्याक्स:९७७–२१–५१५४५२,ईमेल:info@biratnagarmun.gov.np